# सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण, अन्तरनिकाय समन्वय, सहकार्य, पृष्ठपोषण तथा राष्ट्रिय जोखिम मूल्याङ्कनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

वित्तीय जानकारी इकाईको आयोजनामा "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण, अन्तरनिकाय समन्वय, सहकार्य, पृष्ठपोषण तथा AML/CFT राष्ट्रिय जोखिम मूल्याङ्कन (NRA), २०८३ ले औँल्याएका प्रारम्भिक निष्कर्षसम्बन्धी अन्तरक्रिया कार्यक्रम "मिति २०८३ असार २९ गते काठमाडौंमा सम्पन्न भयो । कार्यक्रममा सूचक संस्था (Reporting Entities), नियामकीय तथा सुपरिवेक्षकीय निकाय, अनुसन्धान तथा कानून कार्यान्वयन गर्ने निकाय, अभियोजनकारी निकाय तथा अन्य सम्बद्ध निकायहरूको उल्लेख्य सहभागिता रहेको थियो ।



कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग, नेपाल सहकारी नियमन प्राधिकरण, समाज कल्याण परिषद् लगायतका सरकारी निकायका प्रतिनिधिहरूका साथै वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, बीमा कम्पनी, सहकारी संस्था, भुक्तानी सेवा सञ्चालक/प्रदायक (PSOs/PSPs), क्यासिनो, बहुमूल्य धातु तथा वस्तु व्यवसायी (DPMS), घरजग्गा व्यवसायी, गैर-वित्तीय व्यवसाय तथा पेशाकर्मी (DNFBPs) तथा सम्बन्धित संघ/संस्थाका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।




नेपाल राष्ट्र बैंकका गभर्नर तथा नियामक समन्वय संयन्त्रका संयोजक प्रा.डा. विश्वनाथ पौडेलको समुपस्थितिमा सम्पन्न भएको सो कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव तथा समन्वय समितिका संयोजक, महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर, विभिन्न बिभागका प्रमुख तथा कार्यकारी निर्देशक, विभिन्न कार्यालयका प्रमुख लगायत विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले सम्बोधन गर्नुहुँदै सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण कुनै एक निकायको मात्र दायित्व नभई सम्पूर्ण राष्ट्रको साझा जिम्मेवारी भएको उल्लेख गर्नुभयो । उहाँले राष्ट्रिय सार्वभौमिकता र अन्तर्राष्ट्रिय प्रतिबद्धताबीच सन्तुलन कायम गर्दै अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको प्रभावकारी AML/CFT प्रणाली निर्माण गर्नु आजको आवश्यकता भएको बताउनुभयो । वित्तीय अपराधको स्वरूप प्रविधिसँगै निरन्तर परिवर्तन भइरहेकाले नियामक निकाय, सूचक संस्था, वित्तीय जानकारी इकाई, अनुसन्धान तथा अभियोजन निकायबीचको सुदृढ समन्वय, सूचना आदानप्रदान तथा प्रविधिमा आधारित सहकार्य अझ प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । साथै राष्ट्रिय जोखिम मूल्याङ्कनबाट प्राप्त निष्कर्षहरूलाई व्यवहारमा कार्यान्वयन गर्दै जोखिममा आधारित दृष्टिकोणलाई संस्थागत गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव पुष्कर सापकोटाले सम्बोधन गर्नुहुँदै नेपाल सरकारले FATF को सघन अनुगमन सूचीबाट यथाशीघ्र बाहिरिने विषयलाई उच्च प्राथमिकतामा राखेएको उल्लेख गर्नुभयो । यसका लागि समन्वय तथा सहजीकरण गर्ने संयन्त्र (Dedicated Unit) स्थापना गर्ने तयारी भइरहेको जानकारी दिँदै सम्बन्धित सबै मन्त्रालय, नियामक निकाय, अनुसन्धानकारी निकाय, सूचक संस्था तथा अन्य सरोकारवाला निकायहरूको एकीकृत प्रयास र निरन्तर सहकार्यबाट मात्र उक्त लक्ष्य हासिल गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । उहाँले सबै निकायलाई आ-आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न आग्रह समेत गर्नुभयो ।




नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक डा. डिल्लिराम पोखेलले नियामक निकायको तर्फबाट मन्तव्य व्यक्त गर्दै सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण प्रणालीलाई प्रभावकारी बनाउन सबै सरोकारवाला निकायहरूको सामूहिक प्रयास, निरन्तर समन्वय तथा दिगो सुधार अपरिहार्य रहेको उल्लेख गर्नुभयो । उहाँले राष्ट्रिय जोखिम मूल्याङ्कनबाट प्राप्त निष्कर्षलाई सम्बन्धित निकायहरूले आफ्नो नीति, सुपरिवेक्षण तथा कार्ययोजनामा प्रभावकारी रूपमा समावेश गर्नुपर्नेमा जोड दिनुभयो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग (DMLI) का महानिर्देशक निर्मल ढकालले अनुसन्धानका क्रममा विभिन्न निकायबाट आवश्यक विवरण तथा कागजात समयमै प्राप्त गर्न कठिनाइ हुने, अनुसन्धानमा संलग्न व्यक्तिहरूबाट अपेक्षित सहयोग नपाउने लगायतका व्यवहारिक चुनौतीहरू प्रस्तुत गर्नुभयो । उहाँले वित्तीय जानकारी इकाईले नेपालको AML/CFT प्रणालीमा प्रभावकारी रूपमा निर्वाह गरिरहेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा समेत यही स्तरको समन्वय र सहकार्य कायम रहने विश्वास व्यक्त गर्नुभयो । साथै बैंक तथा अन्य सूचक संस्थाहरूबाट प्राप्त सक्रिय सहयोगप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।



कार्यक्रमको प्रारम्भमा वित्तीय जानकारी इकाईका प्रमुख तथा निर्देशक वासुदेव भट्टराईले स्वागत मन्तव्यसहित कार्यपत्र प्रस्तुत गर्दै सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण प्रणालीलाई प्रभावकारी बनाउन समन्वय, सहकार्य र पृष्ठपोषण (Coordination, Cooperation and Feedback) नै सफल AML/CFT व्यवस्थाको आधार भएको उल्लेख गर्नुभयो । उहाँले सूचक संस्था, नियामकीय तथा सुपरिवेक्षकीय निकाय र अनुसन्धान तथा कानून कार्यान्वयन गर्ने निकायबीच प्रभावकारी सूचना आदानप्रदान, गुणस्तरीय प्रतिवेदन, समयमै पृष्ठपोषण तथा जोखिममा आधारित कार्यसम्पादनको

आवश्यकता औँल्याउनुभयो । साथै अनुसन्धान तथा कानून कार्यान्वयन निकायहरूले Financial Intelligence को अधिकतम उपयोग गर्नुपर्ने, अनुसन्धानका क्रममा आवश्यक तथ्य तथा कागजात समयमै उपलब्ध गराउने, गोपनीयताको पूर्ण पालना गर्ने तथा Financial Intelligence को प्रयोगबारे विद्यमान कानुनी व्यवस्थाका साथै अन्तर्राष्ट्रिय प्रावधानबारे जानकारी गराउनुभयो । उहाँले सम्बन्धित सबै निकायबाट अपेक्षित भूमिका र जिम्मेवारीबारे स्पष्ट धारणा प्रस्तुत गर्नुभयो ।

कार्यक्रमको प्राविधिक सत्रमा डा. हरिकुमार नेपालले AML/CFT राष्ट्रिय जोखिम मूल्याङ्कन (NRA), २०८३ का प्रारम्भिक निष्कर्षहरू प्रस्तुत गर्नुभयो। उहाँले राष्ट्रिय जोखिम मूल्याङ्कन कार्य विभिन्न मन्त्रालय, नियामकीय निकाय, अनुसन्धानकारी निकाय तथा अन्य सम्बद्ध संस्थाका विज्ञहरूको सक्रिय सहभागितामा १८ दिनसम्म क्लोज क्याम्प (Close Camp) गरिएको तथा सम्बन्धित कार्यालयहरूबाट समेत निरन्तर प्रतिवेदन तयारीका क्रममा प्राविधिक योगदान प्राप्त भएको जानकारी दिनुभयो। प्रस्तुतीमा सूचक संस्था, अनुसन्धानकारी निकाय तथा नियामकीय/सुपरिवेक्षकीय निकायका प्रमुख निष्कर्षहरू, देखिएका जोखिम तथा कमजोरीहरू, सुधारका आवश्यक क्षेत्रहरू तथा केही क्षेत्रहरूको जोखिम मूल्याङ्कन कार्य अझै सम्पन्न हुन बाँकी रहेको विषयसमेत उल्लेख गर्नु भएको थियो । साथै, कार्यक्रममा उक्त निष्कर्षउपर नीजि क्षेत्रको प्रतिक्रिया तथा सुझाव लिने कार्य समेत सम्पन्न भयो ।

प्रस्तुतीकरणपछि आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा प्रस्तोता सहित विज्ञ वक्ताको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता संजीवराज रेग्मी (संयोजक, अनुसन्धान समन्वय संयन्त्र) र प्रहरी बरिष्ठ उपरिक्षक कृष्ण पंगेनीले विभिन्न मन्त्रालय, नियामक निकाय, अनुसन्धानकारी तथा कानून कार्यान्वयन गर्ने निकाय र सूचक संस्थाका प्रतिनिधिहरूले उठाएका जिज्ञासाहरूको विस्तृत रूपमा जवाफ दिनुभएको थियो। छलफलका क्रममा AML/CFT प्रणालीको प्रभावकारी कार्यान्वयन, जोखिममा आधारित सुपरिवेक्षण, अनुसन्धानको गुणस्तर अभिवृद्धि, अन्तरनिकाय सूचना आदानप्रदान तथा राष्ट्रिय जोखिम मूल्याङ्कनका निष्कर्षहरूको कार्यान्वयन सम्बन्धी विषयमा महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए ।

कार्यक्रमको सञ्चालन वित्तीय जानकारी इकाईका सहायक निर्देशक महेश कुमार जोशीले गर्नुभएको थियो ।





